आज मिति २०८१।०६।१६ गते बुधवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ बैठक सङ्ख्याः ३७ समय : बिहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुंवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | कल्पना |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | कुमारी |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विजय कुमार थापा | |

सहजकर्ता कर्मचारीः

१. श्री अमर कुमार श्रीवास्तव

२. श्री प्रकाश शर्मा

सहयोगी कर्मचारीः

१. श्री अमिता लामा

भुम्लु गाउँ कार्यपालिका बैठक आ.व: २०८१।८२ बैठक सङ्ख्या:३७ मिति २०८१ असोज १६

## प्रस्तावहरु:

१. ३६औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. उद्धार टोली गठन गर्ने सम्बन्धमा।
४. मृतक परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धमा।
५. घरबार विहीन भएका व्यक्तिलाई व्यवस्थापन गर्ने सम्बन्धमा।
६. त्रिपाल वितरण गर्ने सम्बन्धमा।
७. जडिबुटी प्रशोधन केन्द्रको बजेट सम्बन्धमा।
८. बाली तथा पशु चौपाया राहत सम्बन्धमा।
९. विविध।

## निर्णयहरु:

१. गत ३६औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वियनको सम्बन्धमा समिक्षा गरियो ।

२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।

३. यस भुम्लु गाउँपालिका अन्तर्गत वडाको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई उद्धारका लागि खटाउने निर्णय गरियो ।

४. मिति २०८१/०६/११ गते देखि लगातार दुई दिन वर्षा भएको कारण यस भुम्लु गाउँपालिका अन्तर्गतका विभिन्न ठाउँमा गएको बाढी तथा पहिरोले गर्दा मृत्यु भएको परिवारलाई जनही रु.५०,०००/- दिने निर्णय गरियो।

५. मिति २०८१/०६/११ गते देखि लगातार दुई दिन वर्षा भएको कारण यस भुम्लु गाउँपालिका अन्तर्गतका विभिन्न ठाउँमा गएको बाढी तथा पहिरोले गर्दा घरबार विहीन भएका व्यक्तिलाई वडाबाट नै व्यवस्थापन गर्ने निर्णय गरियो।

६. मिति २०८१/०६/११ गते गएको पहिरोका कारण विभिन्न वडाहरुका पिडितलाई तपसिल अनुसार त्रिपाल वितरण गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | वडा नं. | त्रिपाल संख्या |
|---|---|---|
| १ | १ | ५० |
| २ | ३ | १५ |
| ३ | २ | २० |
| ४ | ७ | २० |
| ५ | ५ | १५ |
| ६ | ८ | ३० |
| ७ | १० | ६५ |
| ८ | ९ | ५० |
| ९ | ४ | २३ |

७. जडिबुटी प्रशोधन केन्द्रको बजेट व्यवस्थापन तपसिल बमोजिम गर्ने निर्णय गरियो।

- औजार मेसिन खरिद – १० लाख

- जडीबुटी खेती, गोडमेल, अन्य उपकरण खरिद तथा व्यवस्थापन खर्च – १० लाख
- पूर्वाधार निर्माण तथा फर्निचर व्यवस्थाप – १० लाख
- टनेल – ५ लाख
- ट्रस निर्माण – ५ लाख

८. मिति २०८१/०६/११ र १२ गते गएको पहिरोका कारण विभिन्न वडाहरुमा क्षति भएका बाली तथा पशु चौपायाको विवरण सबै वडा कार्यालयबाट माग गर्ने र विवरण प्राप्त पश्चात सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

९. विविध

क) यस भुम्लु गाउँपालिकाका जनप्रतिनिधिहरुले पाउने एक महिनाको सेवा सुविधा तथा कर्मचारीको हकमा अधिकृतस्तरको २(दुई) दिन र सहायकस्तर/श्रेणीविहीनको १(एक) दिनको तलब विपद् कोषमा जम्मा गर्ने निर्णय गरियो।

ख) सुनकोशी र ईन्द्रावती नदी हुँदै बगेर जाने विभिन्न बगर क्षेत्रहरुको ढुङ्गा, गिट्टी तथ बालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयारी गरे बापतको रकम सि.न.३८ खर्च शिर्षक नं. २२४११ विनियोजन कार्यक्रम अनुसार सेवा र परामर्श खर्च रु. ५,००,०००/- भुक्तानी दिने निर्णय गरियो।

ग) सुनकोशी र ईन्द्रावती नदी हुँदै बगेर जाने विभिन्न बगर क्षेत्रहरुको ढुङ्गा, गिट्टी तथ बालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन अनुरुप सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ) पुर्वाधार विकास शाखाको कर्मचारीहरुलाई गत आ.व. को फिल्ड भत्ता भुक्तानी गर्नका लागि गत आ.व. २०८०/८१ को फिल्ड भत्ता सि.नं. १८९ खर्च शिर्षक नं. ३११५९ को विनियोजित कार्यक्रम अनुसार पालिका स्तरिय खेल मैदान निर्माण गत आ.व. २०८०/८१को दायित्वबाट खर्च हुने गरी जम्मा रकम रु. ३,२५,०००/- (अक्षेरुपी तिन लाख पच्चिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

ङ) आ.व. २०८०/८१ को विनियोजित बजेट शिर्षकहरुमा कार्य निर्माण चरणमा भईरहेकाले तपशिल बमोजिमका योजनाहरु क्रमागत रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

(अ) ओदिस्योङ लिफ्टिङ खानेपानी योजना भुम्लु-५ – विनियोजित रकम रु.७ लाख

(आ) जनता मा वि पढ्दै कमाउँदै कार्यक्रम वडा नं. ६- विनियोजित रकम रु.१० लाख

(इ) दोलालघाट वेलडाँडा चिल्ड्रेन पार्क निर्माण- विनियोजित रकम रु.१० लाख ५० हजार

(च) प्रकोप व्यवस्थापन कोष संचालन गर्न विनियोजन भएको रकम रु.४० लाख बजेटबाट रु.१० लाख खर्च हुने गरी मिति २०८१/०६/११ देखि १२ गते सम्मको अविरल वर्षाका कारणले खानेपानीको पाईप छेदविछेद भएकाले उक्त समस्या समाधान गर्न अति आवश्यक २०mm, २५mm,३२mm,र ४०mm को पाईप तत्काल कोटेशन मार्फत खरिद पश्चात वितरण गर्ने निर्णय गरियो।